# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

## स्थानीय राजपत्र

खण्डः०२ संख्याः१० मितिः फाल्गुन २७, २०७५


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम टोखा नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-२

## गरिब तथा असहाय बालबालिका छात्रवृत्ति कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५

"हाम्रो बालबालिका हाम्रो भविष्य" भन्ने नगरपालिकाको नीतिलाई मुर्त रुप दिन गरिव तथा असहाय बालबालिकाका लागि माध्यमिकस्तरसम्मको शिक्षा साथै प्राविधिक जनशक्ति स्थानीयस्तरमै उत्पादन गरी उनीहरुको विज्ञता समेतको उपयोग गर्दै समृद्ध टोखा नगरपालिकाको परिकल्पनालाई साकार तुल्याउन नगरपालिका क्षेत्रका विपन्न लक्षित समूह तथा अति विपन्न लक्षित समूहका सदस्यहरुलाई प्राविधिक शिक्षामा पहुँच स्थापित गराई स्थानीय सरकारको प्रत्यक्ष उपस्थितिको अनुभुति स्थानीय जनतालाई दिलाउदै लोक कल्याणकारी राज्यको स्थापना तथा सामाजिक न्याय समेत कायम गर्न वाञ्छनिय भएकाले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर कार्यपालिकाको मिति ..... को बैठकले यो **गरिब तथा असहाय बालबालिका छात्रवृत्ति कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५** स्वीकृत गरी लागू गरेको छ ।

**१.** **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो कार्यविधिको नाम "**गरिब तथा असहाय बालबालिका छात्रवृत्ति कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५**" रहेकोछ ।

(२) यो कार्यविधि टोखा राजपत्रमा प्रकाशन भए पछि लागू हुनेछ ।

२. **परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "नगरपालिका" भन्नाले टोखा नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले टोखा नगरकार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "वडा" भन्नाले टोखा नगरपालिकाका सम्बन्धित वडा कार्यालयलाई सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले यस कार्यविधिको दफा (९) मा उल्लेख गरिएको छात्रवृत्ति कोष व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ङ) "छात्रवृत्ति" भन्नाले (क) गरिब तथा असहाय बालबालिकाका लागि आधारभूत तहदेखि माध्यमिक तहसम्मको अध्ययनका लागि प्रदान गरिने छात्रवृत्ति र, (ख) तोकिए बमोजिमको परीक्षा उत्तीर्ण गरी सम्बन्धित निकायबाट नर्सिङ, नर्सिङ, कृषि विज्ञान, पशु विज्ञान अन्य अन्य प्राविधिक विधामा सञ्चालन हुने कम्तीमा १८ महिने अध्ययन कार्यक्रमका लागि लक्षित समूहका परिवारको कुनै एक सदस्यलाई नगरपालिकाबाट प्रदान गरिने निःशुल्क आवास सहितको प्राविधिक शिक्षा छात्रवृत्ति सम्झनुपर्छ ।

(च) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम नगरपालिकाबाट उपलब्ध गराइने आधारभूत तहदेखि माध्यमिक तहसम्म तथा प्राविधिक शिक्षा छात्रवृत्ति प्राप्तिका लागि आवेदन गर्न तोकिए बमोजिमको योग्यता प्राप्त लक्षित समूहका कुनै एक सदस्यलाई सम्झनुपर्छ ।

(छ) "लक्षित समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग), शहीद परिवार, वेपत्ता परिवार तथा वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारका परिवार एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ ।

(ज) "सम्बन्धित निकाय" भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने सामुदायिक तथा संस्थागत विद्यालय, प्राविधिक शिक्षा अध्यापन गराउने नेपाल सरकार वा प्रदेश सरकारको कुनै

आधिकारिक शिक्षण संस्था वा नेपाल सरकार वा प्रदेश सरकारबाट सम्बन्धन प्राप्त शिक्षण संस्था वा नेपाल सरकार मातहतको प्राविधिक शिक्षा प्रदान गर्न सम्बन्धन दिने निकायबाट सम्बन्धन प्राप्त शैक्षिक संस्थालाई जनाउँछ ।

(झ) "चक्रीय प्रणाली" भन्नाले कुनै वडामा तोकिएको कोटा बमोजिमका छात्रवृत्तिका लागि लक्षित परिवारका मध्येका तोकिए बमोजिमका विद्यार्थी नभएमा उक्त कोटा लक्षित वर्गकै अन्य परिवार समूहका विद्यार्थीहरुमा वा कुनै वडामा उक्त समूहका तर्फबाट आवेदन नै नपरेमा सो कोटा अर्को वडामा हस्तान्तरण हुने भन्ने सम्झनुपर्छ ।

३. **छात्रवृत्ति प्रदान गरिनेः-**

(१) नगरपालिकाले यस कार्यविधि अन्तर्गत निम्न दुई प्रकारको छात्रवृत्ति प्रदान गर्नेछ :

(क) शहिद र वेपत्ता पारिएका व्यक्तिका सन्तान, नगरपालिकाका स्थायी बासिन्दामध्येका बाबुआमाले छोडेर वेवारिसे भएका बालबालिका लगायत अन्यन्तै न्यून आय भई आफ्ना बालबालिकाहरुलाई अध्ययन गराउन नसक्ने परिवारका बालबालिकाहरुलाई आधारभूत तहदेखि माध्यमिक तहसम्मको छात्रवृत्ति प्रदान गरिनेछ ।

(ख) नगरपालिकाले प्रत्येक वर्ष लक्षित समूहका इच्छुक योग्य लाभग्राहीलाई यस कार्यविधिको अधीनमा रही सम्बन्धित निकायबाट सञ्चालन हुने नर्सिङ, कृषि र पशु विज्ञान तथा अन्य प्राविधिक विधामा प्राविधिक शिक्षा छात्रवृत्ति उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको विषयहरुमा उपलब्ध गराइने छात्रवृत्तिको संख्या दफा ५(१) मा उल्लेख भए बमोजिम हुनेछ । छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन सहित नगरसभाबाट निर्णय भएको तर कति संख्याका लाभग्राहीलाई छात्रवृत्ति उपलब्ध गराउने भनी स्पष्ट नभएको अवस्थामा दफा ५ (१) मा उल्लेख भएको संख्याका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरी बजेट बाँकी रहेमा थप विद्यार्थीहरुलाई समेत छात्रवृत्ति प्रदान गर्न सकिनेछ । उल्लेखित विषयका छात्रवृत्ति कार्यक्रम सञ्चालनको लागि सम्बन्धित निकायबाट स्वीकृत प्रचलित दररेट समेतलाई विश्लेषण

गरी समितिको सिफारिसमा कार्यपालिकाले निर्धारण गरे बमोजिमको छात्रवृत्ति संख्या कायम हुनेछ ।

(३) छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि उपदफा (२) बमोजिम संख्या समेतको निर्धारण भई सकेपछि सम्बन्धित निकायसँग कार्यपालिकाले आपसी समन्वय गरी सम्झौता गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको विषयका लागि उपदफा (२) बमोजिमको संख्यामा छनोट हुने प्रत्येक लाभग्राहीलाई अध्ययन अवधिभर निःशुल्क आवास सहितको छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**४. छात्रवृत्ति प्राप्त गर्न आवश्यक योग्यता** :- दफा १(क) बमोजिमका लाभग्राहीहरुका लागि आधारभूत तह देखि माध्यमिक तहसम्मको जुनसुकै कक्षामा अध्ययन गरिरहेको विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ भने सोही दफाको (ख) बमोजिमका विद्यार्थीहरुका लागि देहाय बमोजिमका योग्यता भएका लक्षित समूहका लाभग्राहीले यस कार्यविधिको अधीनमा रही छात्रवृत्ति प्राप्त गर्न सक्नेछन् :-

(क) सम्बन्धित निकायबाट निर्धारित आवश्यक न्यूनतम योग्यता, र

(ख) नगरपालिकाको सम्बन्धित वडाको स्थायी बासिन्दा ।

**५. छात्रवृत्तिको कुल संख्यालाई बाँडफाँड गरिने** :

(१) यस कार्यविधि बमोजिम दुवै प्रकारका छात्रवृत्तिका लागि नगरपालिकाका प्रत्येक वडाबाट २/२ जना लक्षित समूहका लाभग्राहीलाई प्रदान गरिने छात्रवृत्तिको संख्यालाई देहाय बमोजिम बाँडफाँड गरिनेछ :-

(क) विपन्न वर्गका एकल महिला, शहीद परिवार, वेपत्ता परिवार तथा वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारका परिवार र अति विपन्न अन्य परिवारका सदस्यका लागि एकवटा सिट,

(ख) विपन्न वर्गका आदिबासी, जनजाति, पिछडा वर्ग, दलित, अपाङ्ग र लोपोन्मुख समूदायका सदस्यका लागि एकवटा सिट ।

(२) उपदफा (१) बमोजिम बाँडफाँड गरिएको कुनै छात्रवृत्तिमा आवेदन गर्ने लक्षित समूहका लाभग्राहीको संख्या नपुग हुन आएमा चक्रीय प्रणालीका आधारमा छात्रवृत्तिको बाँडफाँड गरी छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) कुनै कारणवश कुनै वडालाई छुट्याइएको छात्रवृत्तिको संख्यामा आवेदन गर्ने लक्षित समूहका लाभग्राही उम्मेद्वारहरुको संख्या अपुग हुन आएमा उक्त छात्रवृत्तिको संख्या अन्य वडाहरुमा स्थानान्तरण गरिनेछ ।

**६.** **छात्रवृत्ति आरक्षण नगरिने** : लक्षित समूहका व्यक्तिहरुलाई नै लक्षित गरी प्राविधिक शिक्षा छात्रवृत्तिको कार्यक्रम सञ्चालन गरिने भएकोले यस कार्यविधिको प्रतिकुल हुने गरी छात्रवृत्ति आरक्षण सम्बन्धी छुट गरिने छैन । तर यस कार्यविधिको दफा ५ को उपदफा (१) बमोजिम छुट्याइएको संख्यामा उल्लेखित परिवार समूह बमोजिम आवेदन पर्न नआएमा तथा आवेदक छनौट हुन नसकेमा चक्रीय प्रणालीका आधारमा अन्य परिवार समूहका सदस्यलाई छात्रवृत्ति कार्यक्रममा सहभागी गराउनु पर्नेछ ।

**७.** **छात्रवृत्ति प्रदान नगरिने** : देहायको अवस्थामा लक्षित समूहका लाभग्राहीलाई छात्रवृत्ति प्रदान गरिने छैन :-

(क) नेपाल सरकारको वा प्रदेश सरकारको वा नेपाल सरकारलाई वा प्रदेश सरकारलाई प्राप्त भएको अन्य कुनै त्यस्तै छात्रवृत्ति प्राप्त गरिरहेको वा प्राप्त गरिसकेका,

(ख) कुनै सरकारीस्तरको तालिम प्रदायक निकायबाट यस कार्यविधिमा उल्लेखित विधामा छात्रवृत्ति प्राप्त गरिरहेको,

(ग) कुनै शिक्षण संस्थाबाट सोही विधामा छात्रवृत्ति प्राप्त गरिरहेको,

(घ) उम्मेद्वार कुनै फौजदारी कसूरमा दोषी प्रमाणित भएको ।

**८.** **छात्रवृत्ति रद्ध गरिने** :-देहाय बमोजिमको अवस्थामा समितिको सिफारिशमा कार्यपालिकाले यस कार्यविधि बमोजिम प्रदान गरिएको छात्रवृत्ति रद्ध गर्न सक्नेछ :-

(क) झुठा विवरणहरु पेश गरेको प्रमाणित भएमा,

(ख) अध्ययन पूरा नगरेमा वा अध्ययन बीचैमा छाडेमा,

(ग) अध्ययन अवधिमा फौजदारी कसुरमा दोषी प्रमाणित भएमा,

(घ) प्रशिक्षार्थी/विद्यार्थीको हैसियतले पालना गर्नुपर्ने आचरण सम्बन्धी कुरा बारम्बार पालना नगरेको भनी सम्बन्धित निकायले कार्यपालिकालाई लिखित जानकारी गराएमा कार्यपालिकाको निर्णय बमोजिम ।

**९.** **छात्रवृत्ति कोष व्यवस्थापन समिति** :-

(१) छात्रवृत्ति सम्बन्धि कार्य प्रकृयालाई व्यवस्थित बनाउन तथा यस विषयमा समन्वय एवम् व्यवस्थापन समेत गर्नका लागि कार्यपालिका मातहतमा रहने गरी देहाय बमोजिम एक छात्रवृत्ति कोष व्यवस्थापन समिति रहनेछ :-

क) नगर प्रमुख -संयोजक

ख) उपप्रमुख -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत -सदस्य

घ) संयोजकले तोकेको नगर शिक्षा समितिका एक जना सदस्य -सदस्य

ङ) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

आवश्यकता अनुसार उपरोक्त समितिमा सम्बन्धित वडाका वडा अध्यक्षहरुलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिले यस कार्यविधिको व्यवस्था प्रतिकुल नहुने गरी आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

(३) उपरोक्त समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र बैठक बसेको बखत समितिका सदस्यहरुले नगर कार्यपालिकाका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउनेछन्।

**१०. छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** :- यस कार्यविधिमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त छात्रवृत्ति कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) छात्रवृत्तिलाई दीर्घकालिन तथा प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नु पर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,

ख) नगरपालिकाको निर्णय बमोजिम छात्रवृत्ति शीर्षकमा विनियोजित बजेट समेतको विश्लेषण गरी दफा (३) को उपदफा (२) बमोजिम प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गरिने विषय र संख्या एकीन गरी कार्यपालिकामा सिफारिस गर्ने,

ग) छात्रवृत्ति प्रदान गर्नका लागि योग्य लाभग्राही छनौट गर्ने,

घ) छात्रवृत्ति प्रदान गर्ने छनौटका आधारहरु तय गरी निर्णयका लागि कार्यपालिकामा सिफारिस गर्ने,

ङ) छात्रवृत्ति प्रदान गर्न विभिन्न निकायहरुबीच आवश्यक समन्वय गर्ने,

च)	यस कार्यविधिको उद्देश्य अनुरुप आवश्यक देखिएका अन्य काम गर्न गराउन कार्यपालिकालाई राय उपलब्ध गराउने ।

**११. <u>छनोटको लागि सूचना प्रकाशन गर्ने</u>** :

(१) समितिले कम्तीमा पन्ध्र दिनको म्याद दिई यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्तिका लागि इच्छुक योग्य लाभग्राहीबाट प्रत्येक वर्ष दरखास्त आह्वान गरी स्थानीयस्तरका सञ्चार माध्यमहरुबाट समेत सूचना प्रकाशन तथा प्रसारणको व्यवस्था मिलाउनेछ । तर, यो कार्यविधि लागू भएपछि पहिलो पटकको लागि समितिले निर्धारण गरेको मितिमा सूचना प्रकाशन गरिनेछ ।

(२)	खास अवस्थामा समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी दरखास्त बुझाउने म्याद थप गर्न सक्नेछ ।

(३)	उपदफा (१) बमोजिमको सूचनामा देहायको विवरण समेत खुलाउनुपर्नेछ :-

क)	छात्रवृत्ति प्रदान गरिने विधा/विषय र तह,

ख)	प्रत्येक विधा/विषयमा प्रदान गरिने खुल्ला र समावेशी समूहको छात्रवृत्तिको संख्या,

ग)	छात्रवृत्तिमा छनोट गर्ने प्राथमिकताका मुख्य आधारहरु,

घ)	दरखास्तको ढाँचा,

ङ)	दरखास्त साथ संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरु,

च)	दरखास्त बुझाउनु पर्ने स्थान,

छ)	समितिले आवश्यक ठहर्याएका अन्य विषयहरु ।

(४)	उपदफा (३) बमोजिमको सूचना कार्यपालिकाको वेभ साइटबाट समेत प्रकाशन गरिनेछ ।

**१२. <u>दरखास्त दिनुपर्ने</u>**:-

(१)	यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्न चाहने लक्षित समूह भित्रका इच्छुक लाभग्राहीले दफा (११) बमोजिमको सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा तोकिएको ढाँचा र स्थानमा दरखास्त दिनुपर्नेछ ।

(२)	समितिले उपदफा (१) बमोजिम दरखास्त फारामको ढाँचा प्रत्येक समूह एवम् विधाका लागि एउटै वा छुटाछुटै व्यवस्था गर्न सक्नेछ ।

**१३. <u>प्रवेश परीक्षा सञ्चालन गर्ने</u>** : - (१) दफा (१२) बमोजिम दरखास्त दिएकामध्ये दफा <u>३ (१) ख</u> बमोजिमका लाभग्राहीहरुले यस कार्यविधि बमोजिम उपलब्ध

गराइने छात्रवृत्तिमा छनोट हुनका लागि समितिले सञ्चालन गर्ने प्रवेश परीक्षामा अनिवार्य रुपमा सहभागी हुनु पर्नेछ । दफा ३ (१) क बमोजिमका लाभग्राहीका हकमा विपन्नताका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ ।

**१४.** **योग्यताक्रमको सुची तयार गर्ने** : समितिले दफा (१३) बमोजिम सञ्चालन गरेको सबै आवेदक लाभग्राहीहरुको प्रवेश परीक्षाको प्राप्तांकमा देहाय बमोजिमको अंक समेत जोडी कायम हुन आउने योग्यताक्रम अनुसारको अलग्गै सुची तयार गर्नेछ :-

अध्ययन गरेको शैक्षिक संस्था वापत-अधिकतम १० अंक

**द्रष्टव्य :-** यस दफा बमोजिमको अंक गणना गर्दा सामूदायिक विद्यालयबाट प्रवेशिका वा सो सरहको परीक्षा उत्तीर्ण गरेको लाभग्राहीलाई १० अंक र संस्थागत विद्यालयबाट उल्लेखित परीक्षा उत्तीर्ण गरेको लाभग्राहीलाई ५ अंक प्रदान गरिनेछ ।

**१५.** **लाभग्राही छनोट गर्ने** :

(१) समितिले दफा (१४) बमोजिम तयार गरेको अन्तिम योग्यताक्रमको सूचीका आधारमा छनोटको सिफारिस कार्यपालिकामा पेश गरी सो को विवरण सार्वजनिक समेत गर्नुपर्नेछ ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिम पेश भएको योग्यताक्रम अनुसारको सूचीका सम्बन्धमा आवश्यकता अनुसार दफा (१२) बमोजिम पर्न आएका दरखास्त उपर समेत छानविन गरी प्राप्त दरखास्तमध्ये योग्यताक्रमको आधारमा दफा (११) बमोजिमको सूचनामा उल्लेख भएको संख्यामा छात्रवृत्ति प्रदान गरिने लाभग्राही छनोटको अन्तिम निर्णय गर्नेछ ।

(३) उपदफा (१) बमोजिम अन्तिम योग्यताक्रमको सूची छनोटको सिफारिस गर्दा समितिले कम्तीमा बीस प्रतिशतसम्म बैकल्पिक योग्यताक्रमको सूचीको विवरण समेत कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(४) कार्यपालिकाले उपदफा (२) र (३) बमोजिमको छात्रवृत्ति छनौट र वैकल्पिक योग्यताक्रमको सूची सार्वजनिक गर्नेछ र सो को जानकारी सम्बन्धित निकायलाई समेत दिनुपर्नेछ ।

(५) कार्यपालिकाले नतिजा प्रकाशन गर्दा दरखास्त दिने सम्पूर्ण लाभग्राहीहरुको योग्यताक्रमको सूचना नगरपालिकाको वेभसाइटबाट समेत प्रकाशन गर्नेछ ।

१६. **प्राथमिकता पाउने** : दफा (१४) बमोजिम छात्रवृत्तिको लागि योग्यताक्रम तयार गर्दा एक जनाभन्दा बढी विद्यार्थीको समान अंक प्राप्त भएमा सरकारी तथा सामूदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीलाई प्राथमिकता दिइनेछ ।

१७. **कबुलियतनामा गर्नुपर्ने** :

(१) दफाः- (१५) बमोजिम दफा ३ (१) ख मा उल्लेखित छात्रवृत्तिको लागि लाभग्राही छनोट भई उजुरीको म्याद समाप्त भएपछि छनोट भएका लाभग्राही र सम्बन्धित परिवारको मुख्य अभिभावकले छनौटको अन्तिम सूची प्रकाशन भएको मितिले सात दिनभित्र कार्यपालिकाबाट निर्धारित ढाँचामा तीन प्रति कबुलियतनामा गर्नु पर्नेछ । यस्तो कबुलियतनामामा सम्बन्धित लाभग्राहीले अध्ययन सम्पन्न गरी सकेपछि कम्तीमा एक वर्ष नगरपालिकामा सेवा गर्नु पर्ने व्यहोरा समेत उल्लेख गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कबुलियतनामामा अन्य कुराको अतिरिक्त छात्रवृत्ति प्राप्त गरी अध्ययन पूरा नगरेमा, अन्य संस्था वा निकायबाट यही विषयमा छात्रवृत्ति प्राप्त गरेकोमा, दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको भएमा तथा अध्ययन पूरा गरी नगरपालिकाले खटाएको काम नगरेमा वा विषय परिवर्तन गरेमा छात्रवृत्तिको रुपमा प्राप्त गरेको रकम तथा सोमा कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज रकम समेत सरकारी बाँकी सरह असूल उपर गरिने व्यहोरा उल्लेख गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको कबुलियतनामाको एक/एक प्रति कार्यपालिका, सम्बन्धित निकाय र सम्बन्धित लाभग्राही एवम् अभिभावक समेतलाई उपलब्ध गराइनेछ ।

१८. **बैकल्पिक योग्यताक्रमको सूचीमा परेको उमेद्वारलाई छात्रवृत्ति प्रदान गर्न सकिने** :-

(१) छात्रवृत्तिको लागि छनोट भएको लाभग्राहीले त्यस्तो छात्रवृत्ति लिन नचाहेमा वा दफा (१७) बमोजिम कबुलियतनामा गर्न नआएमा वा त्यस्तो लाभग्राहीले दफा (७) को अवस्था भई छात्रवृत्ति प्राप्त गर्न नसक्ने भएमा बैकल्पिक योग्यता क्रमको सूचीमा नाम समावेश भएका उम्मेद्वारलाई सम्बन्धित निकाय सँग समेत समन्वय गरी योग्यताक्रम अनुसार सोही शैक्षिक सत्र/वर्ष भित्र समावेश गरी छात्रवृत्ति प्रदान गर्न सकिनेछ ।

(२) दफा (१) बमोजिम छात्रवृत्ति पाउन योग्य बैकल्पिक लाभग्राही उम्मेदवारले छात्रवृत्ति प्रदान गरिने सम्बन्धी सूचना प्रकाशन भएको मितिले तीन दिन भित्रमा दफा (१६) बमोजिमको कबुलियतनामा गरी सक्नु पर्नेछ ।

**१९.** **अभिलेख राखिने** : समितिले छात्रवृत्ति उपलब्ध गराइएका लाभग्राहीहरुको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ र सो अद्यावधिक विवरण सार्वजनिक समेत गर्नु पर्नेछ ।

**२०.** **छात्रवृत्तिको रकम भुक्तानी** : दफा (१५) बमोजिम दुवै प्रकारका छात्रवृत्तिको लागि छनोट भई दफा (१७) बमोजिम कबुलियतनामा गरेपछि छात्रवृत्तिको रुपमा प्रदान गरिने रकम नगरपालिकाबाट सम्बन्धित छात्रवृत्ति शीर्षकमा विनियोजित बजेट शीर्षकबाट कार्यपालिकाको कार्यालयले दफा (३) अनुसार सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम सोझै सम्बन्धित निकायको खातामा जम्मा हुने गरी पटक पटक वा एकमुष्ट रुपमा रकम भुक्तानी गर्न सक्नेछ ।

**२१.** **विषय परिवर्तन गर्न नपाउने** : छात्रवृत्तिमा छनोट भई अध्ययन गरिरहेका लाभग्राहीले अध्ययनको निमित्त छात्रवृत्ति पाएको विषय परिवर्तन गर्न पाउने छैन ।

**२२.** **जानकारी गराउनु पर्ने**:

(१) यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्ने लाभग्राहीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा गरी सकेपछि निजले प्रमाणपत्र प्राप्त गर्नुअघि सम्बन्धित निकायले नगरपालिकालाई लिखित जानकारी गराउनु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्ने लाभग्राहीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा गरी प्रमाणपत्र प्राप्त गरेको एक महिनाभित्र लिखित जानकारी सहित प्रमाणपत्रको प्रतिलिपि लाभग्राही स्वयम् कार्यपालिकामा उपस्थित भई पेश गर्नु पर्नेछ र नगरपालिकाले तोके बमोजिमको सेवा उपलब्ध गराउनु पर्नेछ ।

**२३.** **व्याज सहितको रकम असूल गरिने** :

(१) दफा ३ (१) ख बमोजिमको छात्रवृत्ति प्राप्त गर्ने लाभग्राहीको दफा (८) बमोजिम छात्रवृत्ति रद्ध भएमा वा नगरपालिकाले खटाएको काममा संलग्न नभएमा त्यस्तो लाभग्राहीको छात्रवृत्तिमा लागेको सम्पूर्ण

रकम र सोमा कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज रकम सरकारी बाँकी सरह त्यस्तो लाभग्राहीबाट असूल उपर गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्ययन कै क्रममा गम्भीर विरामी भएको वा चोटपटक लागेको कारणबाट वा सम्बन्धित लाभग्राहीको काबु बाहिरको परिस्थिति परी अध्ययन गर्न नसकेको भन्ने कुरामा कार्यपालिका सन्तुष्ट भएमा वा लाभग्राहीको मृत्यु भएमा निजले उपदफा (१) बमोजिम बुझाउनु पर्ने रकम समितिको सिफारिसमा कार्यपालिकाले मिनाहा गर्न सक्नेछ ।

**२४. पुनः छात्रवृत्तिमा छनौट नगरिने** : छात्रवृत्तिमा छनौट भएको कुनै लाभग्राहीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन (दफा (२३) को उपदफा (२) बमोजिमको अवस्थामा बाहेक अन्य अवस्थामा) पूरा नगरी छाडेमा वा नगरपालिकाले खटाएको काममा संलग्न नभएमा वा यस कार्यविधिमा तोकिए बमोजिमको शर्त पूरा नगरेमा नगरपालिकाबाट प्रदान गरिने छात्रवृत्ति लगायत अन्य कुनै सेवा सुविधामा छनौट गरिने छैन ।

**२५. प्रतिवेदन पेश गर्ने** :

(१) प्रत्येक वर्ष प्रदान गरिएका छात्रवृत्तिको विवरण, छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने लाभग्राहीहरुको अवस्था, रकमको अवस्था, छात्रवृत्तिको प्रभावकारिता तथा यसको उपलब्धि मूल्यांकन, छात्रवृत्ति कार्यान्वयनमा रहेका समस्याहरु र समाधानका उपायहरु सहितको प्रतिवेदन छात्रवृत्ति कोष सञ्चालन समितिले कार्यपालिकामा पेश गर्नु पर्नेछ । कार्यपालिकाले यसरी पेश हुन आएको प्रतिवेदन नगरसभामा समेत पेश गरी सार्वजनिक गर्नु पर्नेछ ।

(२) छात्रवृत्तिमा अध्ययन गर्ने लाभग्राहीले समेत प्रत्येक ६/६ महिनामा सम्बन्धित निकाय मार्फत समितिले तोकेको ढाँचामा समितिमा प्रतिवेदन गर्नुपर्नेछ ।

**२६. उजुरी सुनुवाई समिति :**

(१) लाभग्राही उम्मेद्वार छनौट सम्बन्धी समितिको निर्णयमा चित्त नबुझ्ने उम्मेद्वारले समितिको सिफारिस गर्ने सम्बन्धी निर्णय सार्वजनिक भएको मितिले सात दिन भित्र ठोस आधार र प्रमाण सहित उजुरी सुनुवाई समितिमा उजुरी निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकामा देहायको उजुरी सुनुवाई समिति रहनेछ :-

(क) नगर प्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सम्बन्धित वडाको वडाध्यक्ष -सदस्य

(३) उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा उजुरी दिने म्याद समाप्त भएको मितिले तीन दिन भित्रमा उपदफा (२) बमोजिमको समितिले निर्णय दिनुपर्नेछ र सो निर्णय अन्तिम हुनेछ ।

**२७. बाधा अड्काउ फुकाउन सक्ने** : यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ र त्यसरी फुकाइएको बाधा अड्चनको जानकारी नगर सभामा पेश गर्नु पर्नेछ ।

**प्रमाणिकरण मिति : २०७५।११।२७**

**आज्ञाले,**

**प्रमुख प्रशासकिय अधिकृत**

**मूल्य रु. २०/-**